बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: ०७९/८०

चलानी नं: १२४

## सामुदायिक माध्यमिक विद्यालय/शिक्षालयमा कक्षा ११ वा सो सरहमा अध्ययनरत विद्यार्थीहरुका लागि शैक्षिक छात्रवृत्ति सम्बन्धि सूचना

पहिलो पटक सूचना प्रकाशित मिति : २०७९/०६/०६

शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८ अनुसार सामुदायिक विद्यालय/ शिक्षालयमा कक्षा ११ वा सो सरहमा कृषि, भेटनेरी, सर्भेयर, सिभिल इन्जिनियर र वनविज्ञान विषयमा पहिलो वर्ष / पहिलो समेष्टरमा अध्ययनरत वागमती प्रदेश भित्रका दलित, अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्नमुख जातिका छात्रछात्राहरु मध्ये वागमती प्रदेशका प्रत्येक स्थानीय तहबाट एकजना छात्र वा छात्रालाइ भर्ना शुल्क र शिक्षण शुल्क वापतको रकम छात्रवृत्ति वापत प्रदान गर्ने कार्यक्रम भएको हुँदा वागमती प्रदेश भित्र संचालित सामुदायिक विद्यालय/शिक्षालयमा कक्षा ११ वा सो सरहमा अध्ययरत दलित, अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्नमुख जातिका छात्रछात्राहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आवश्यक कागजातहरु सहित शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८ को अनुसूची एकको ढाँचामा आफ्नो स्थायी ठेगाना भएको सम्वन्धित स्थानीय तहमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । पेश गर्नुपर्ने आवश्यक कागजात र अनुसूची एवम् निर्देशिका सम्वन्धी विस्तृत विवरण यस निर्देशनालयको वेवसाइट edd.bagamati.gov.np तथा सामाजिक विकास मन्त्रालयको वेवसाइट mosd.bagamati.gov.np मा हेर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

शिक्षा विकास निर्देशनालय, वागमती प्रदेश हेटौडा, मकवानपुर

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: ०७९/८०

चलानी नं ९३३

## उच्च शिक्षामा अध्ययनरत छात्राहरुका लागि शैक्षिक छात्रवृत्ति सम्वन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति : २०७९/०६/०६

शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८ अनुसार स्नातक र स्नातकोत्तर तह पहिलो वर्ष वा पहिलो समेष्टरमा अध्ययनरत छात्राहरुलाई एक पटकका लागि क्रमश रु १०,०००।- र रु १५,०००।- (दुई किस्तामा) गरी छात्रा छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम भएको हुँदा वागमती प्रदेश भित्र संचालित सामुदायिक क्याम्पसमा स्नातक र स्नातकोतर तह प्रथम वर्ष/समेष्टरमा अध्ययनरत वागमती प्रदेश भित्र स्थायी ठेगाना भएका छात्राहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र आवश्यक कागजातहरु संलग्न राखी यस निर्देशनालयको वेवसाइट edd.bagamati.gov.np मा Login गरी Online application मा Click गरी अनलाइन फाराम भर्नु हुन वा शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८ को अनुसूची एकको ढाँचा अनुसार शिक्षा विकास निर्देशालय वागमती प्रदेश हेटौडामा सिधै निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । पेश गर्नुपर्ने आवश्यक कागजात र अनुसूची एवम् निर्देशिका सम्वन्धी विस्तृत विवरण यस निर्देशनालयको वेवसाइट edd.bagamati.gov.np तथा सामाजिक विकास मन्त्रालयको वेवसाइट mosd.bagamati.gov.np मा हेर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश हेटौडा, मकवानपुर

CamScanner